# स्नातक तहको नेपाली भाषा कक्षामा रचनामुखी व्याकरण शिक्षणको उपयोग

*विष्णुप्रसाद शर्मा*
*त्रि.वि., पृथ्वीनारायण क्याम्पस, पोखरा*
*sharmabishnu997@gmail.com*

***लेखसार***

*प्रस्तुत अनुसन्धान स्नातक तहमा रचनामुखी व्याकरण शिक्षणको अवस्था कस्तो रहेको छ भन्ने प्राज्ञिक खोजमा आधारित छ । यस अनुसन्धानको सैद्धान्तिक आधार रचना र पाठमा आधारित व्याकरण शिक्षण हो । यसले भाषा र व्याकरण शिक्षणलाई एकैसाथ सिकाउने मान्यता राख्छ र व्याकरण सिकाउने एकीकृत विधि (प्रस्तुतीकरण, अभ्यास र उत्पादन) लाई आधार मान्छ । यो अनुसन्धान परिमाणात्मक ढाँचा, उत्तरप्रत्यक्षवादी दर्शन र सर्वेक्षण विधिमा आधारित छ । नेपालका २१ जिल्लाका स्नातक तहमा नेपाली व्याकरण शिक्षण गर्ने १०० जना शिक्षकबाट प्रश्नावली उपकरणका माध्यमबाट प्राप्त तथ्याङ्कलाई परिमाणात्मक अनुसन्धान विधिका आधारमा तालिकीकरण गरी आवृत्तिका आधारमा प्रतिशत निकालिएको छ । त्यस्तै वर्णनात्मक अनुसन्धान विधिका आधारमा शाब्दिक व्याख्या गरेर तुलना र विश्लेषणमार्फत निष्कर्ष स्थापित गरिएको छ । समग्र तथ्याङ्क विश्लेषणका आधारमा निकालिएको निष्कर्षबाट अनुसन्धानमा समावेश गरिएकामध्ये आधाभन्दा बढी (७३%) शिक्षकले रचनामुखी तरिकाबाट व्याकरण शिक्षण गरेको देखिन्छ । स्नातक तहको पाठ्यक्रममा निर्धारित भाषातत्त्वको पाठ्यवस्तुअनुसार अक्षरसंरचना शिक्षण गर्दा तीन चौथाइभन्दा बढी (८०%) शिक्षकले अनुच्छेदमा रेखाङ्कित शब्द दिई मानक उच्चारण र अभ्यासबाट अक्षर पहिचान शिक्षणलाई अपनाएका छन् । वर्णविन्यास शिक्षण गर्दा आधा (५०%) शिक्षकबाट वर्णविन्यास मिलाई ससाना अनुच्छेदमा केही लेख्न र वर्णन गर्न लगाउने विधि अपनाएका छन् । शब्दवर्ग र शब्दस्रोत शिक्षणमा पनि तीन चौथाइ (७०-८०%) शिक्षकले पाठ र अनुच्छेदलाई आधार बनाएका छन् । समग्रमा शिक्षकहरूले अवलम्बन गरेका प्रक्रियाहरू शब्दनिर्माण, वाक्यतत्त्वपरक रचना, वाक्यतत्त्वपरक अभिव्यक्ति, वाक्यान्तरण र वाक्यसंश्लेषण शिक्षणमा स्नातक नेपाली शिक्षण निर्देशिका (२०६६) र स्नातक नेपाली पाठ्यक्रम ( २०६९) ले प्रस्ताव गरेअनुसार पूर्णतः पाठ र सन्दर्भमा आधारित भएको पाइँदैन । यसबाट*

*स्नातक तहको नेपाली व्याकरण शिक्षण पूर्णतः रचनामुखी, व्यावहारिक, सिर्जनात्मक र उद्देश्यपूर्ण बन्न सकेको देखिँदैन । रचनामुखी व्याकरण शिक्षणको उपयोगका सम्बन्धमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत अनुसन्धान उपयोगी रहेको छ ।*

**शब्दकुञ्जी :** एकीकृत विधि, पाठ र सन्दर्भ, रचनामुखी, व्याकरण शिक्षण, स्नातक तह ।

## पृष्ठभूमि

व्याकरण भाषाको आन्तरिक संरचना र नियमहरूको वर्णन गर्ने शास्त्र हो। यसले भाषाको आन्तरिक संरचना र नियमको व्याख्या एवम् विश्लेषण गर्दछ (थर्नबरी, सन् २००२, पृ. १) । यसबाट भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ भन्ने सिद्ध हुन्छ । भाषा र व्याकरणको सम्बन्ध अभिन्न हुन्छ । व्याकरणलाई औपचारिक बौद्धिक विषयका रूपमा नलिई प्रयोग प्रसङ्ग एवम् सम्प्रेषणात्मक उपयुक्तताका दृष्टिले ग्रहण गरी सोहीअनुरूप सहज र सरल तरिकाले शिक्षण गरिनु उपयुक्त हुन्छ । यही मान्यताबमोजिम व्याकरण शिक्षणमा रचनामुखी व्याकरण शिक्षणको अवधारणा आएको हो। रचनामुखी व्याकरण शिक्षणले पाठ, सन्दर्भ र रचनालाई आधार मान्छ र सोहीअनुरूप अन्तरक्रियाका माध्यमबाट भाषातत्त्वको पहिचान र प्रयोगमा जोड दिन्छ । पाठ सिर्जना वा रचनामात्र नभई कलाकारिता, फिल्म, धर्म, संस्कृति, भाषा, साहित्य, स्वास्थ्य, पत्रपत्रिका आदि विषयमा समेत आधारित हुन सक्छन् (रिचर्डस र रोजर्स, सन् २००७, पृ. २०४-२२१) । पाठ र सन्दर्भमा आधारित व्याकरण शिक्षणमा प्रस्तुतीकरण, अभ्यास, उत्पादन, अन्तरक्रिया र पृष्ठपोषणको अधिकतम उपयोग गरिन्छ । पाठ वा रचनाबाट भाषातत्त्वका विविध पक्ष खोज्ने तथा सोही पाठ र वाक्यढाँचामा आधारित भएर त्यस्तै अर्को कोटि/वाक्यढाँचाको निर्माण गर्ने गराउने गर्नाले सिकारुमा भाषासँगै व्याकरणको धारणा बसाल्न सकिन्छ । सिकारुलाई व्याकरण सिकाउँदा नियम र उदाहरण घोकाउनुभन्दा भाषाको सन्दर्भसँग जोडेर सिकाउनु सान्दर्भिक हुन्छ । यसबाट व्याकरण शिक्षण सरल, स्वाभाविक र रचनात्मक बन्ने देखिन्छ ।

भाषाभित्र व्याकरण हुन्छ । बालकले भाषा सिक्दा व्याकरण स्वतः सिक्दै जान्छ भन्ने मान्यता रचनामुखी व्याकरण शिक्षणमा राखिन्छ । उदाहरणका लागि भूतकालको धारणा बसाल्नु पर्दा सिकारुमा भूतकाल वा विगतका घटना वा सन्दर्भलाई आधार बनाउन सकिन्छ । यस कार्यमा शिक्षक उत्प्रेरक वा सहजकर्ताका रूपमा रही व्याकरणको शिक्षण सिकाइमा सिकारुलाई भाषासँग खेल्न लगाइन्छ । विद्यार्थीलाई अभ्यासका लागि

पाठ्यसामग्री दिँदा निबन्ध, चिठी, पत्रपत्रिकामा प्रकाशित लेख, पाठ्यपुस्तक तथा विद्यार्थी स्वयम्का प्राज्ञिक र व्यक्तिगत अनुभव समेटिएका रचनाको उपयोग (मुर्किया र हिलेज, सन् १९९८, पृ. १४९-१६७) गर्न सकिन्छ । यसरी गरिने व्याकरण शिक्षण परम्परागत निगमन विधिमा आधारित असान्दर्भिक, रूढी र निरपेक्ष व्याकरण शिक्षण गर्ने मान्यताका विपरीत सान्दर्भिक र सजीव बन्छ । रचनामुखी व्याकरण शिक्षणको आधार सम्प्रेषणात्मक भाषा शिक्षण पद्धति पनि हो। यसमा व्याकरण शिक्षण गर्दा नियम र सूत्रको स्थानान्तरणभन्दा पाठको उत्पादनमा जोड दिइन्छ (अधिकारी, २०७०।०७१, पृ. ४-५) । यसबाट व्याकरण शिक्षणमा जीवन्तता र सहजता आउने अपेक्षा गरिन्छ ।

व्याकरण शिक्षण सम्बद्ध अवस्थाको खोजीमा आधारित प्रस्तुत अनुसन्धान त्रिभुवन विश्वविद्यालयको हाल (२०७७) कार्यान्वयनमा रहेको स्नातक तहमा नेपाली व्याकरण शिक्षणको उपयोग रचनामुखी वा सैद्धान्तिक किसिमले गरिएको छ भन्ने प्राज्ञिक खोजमा केन्द्रित छ । २०६९ देखि कार्यान्वयनमा आएको स्नातक नेपाली पाठ्यक्रमले सो तहको व्याकरण शिक्षणलाई परम्परागत नियमकेन्द्रित सैद्धान्तिक विधिबाट मुक्त गरी रचनामुखी तथा सम्प्रेषणात्मक बनाउने प्रस्ताव गरेको छ (गौतम, भण्डारी र ओझा, २०६९, परिशिष्ट) । यस क्रममा पाठ्यक्रमले राखेको उद्देश्य, शिक्षण सामग्री, शिक्षण सिकाइ कार्यकलाप र मूल्याङ्कनलाई प्रस्तुत अनुसन्धानको आधार बनाइएको छ । यसैगरी वर्णविन्यास, अक्षरसंरचना, शब्दस्रोत, शब्दभण्डार, वाक्यतत्त्वपरक रचना, वाक्यसंश्लेषणजस्ता पाठ्यवस्तुमा केन्द्रित भई उपकरण निर्माण गरी त्यसका आधारमा प्राप्त तथ्यको विश्लेषण गरिएको छ । यसपूर्व स्नातक तहको व्याकरण शिक्षणमा केन्द्रित भई खासै अध्ययन भएको नपाइएकाले प्रस्तुत अनुसन्धानमा पर्याप्त अन्तराल रहेको अनुमान गर्न सकिन्छ । यसबाट व्याकरण शिक्षणलाई रचनामुखी बनाउन सहयोग पुग्ने भएकाले प्रस्तुत अनुसन्धानको औचित्य पुष्टि हुन्छ । यस अनुसन्धानमा परिमाणात्मक ढाँचा, उत्तरप्रत्यक्षवादी दर्शन तथा सामग्री सङ्कलनमा सर्वेक्षण विधि र विश्लेषणमा वर्णनात्मक विधिको उपयोग गरिएको छ । तथ्याङ्कको प्रस्तुतीकरणमा तालिका, चित्र, आवृत्ति र प्रतिशत गणनाका साथै शाब्दिक व्याख्या गरी निष्कर्ष स्थापित गरिएको छ ।

## अनुसन्धानात्मक समस्या र उद्देश्य

व्याकरण शिक्षण चुनौतीको विषय हो । भाषासँगै व्याकरण सिकाउने वा व्याकरणलाई छुट्टै रूपमा सिकाउने भन्ने सन्दर्भमा मतमतान्तर छन् । व्याकरण शिक्षणलाई आगमन, निगमन, पाठ्यपुस्तक, प्रत्यक्ष तथा कार्यमूलक विधिबाट सिकाउने भन्ने परम्पराकै बिच

पाठ र सन्दर्भमा आधारित रचनामुखी व्याकरण शिक्षण विधिको महत्त्व बढेको देखिन्छ । व्याकरण शिक्षणलाई पाठ र सन्दर्भमा केन्द्रित गराई शिक्षक विद्यार्थीबिच अन्तरक्रियाका माध्यमबाट प्रस्तुतीकरण, अभ्यास र उत्पादनका सहायताबाट सिकाउनुपर्ने सन्दर्भलाई थर्नबरी (सन् २००२), अधिकारी (२०७०।७१), वस्ती (२०७४) लगायतले जोड दिएका छन् । यसर्थ स्नातक तहको नेपाली व्याकरण शिक्षण पनि रचनामुखी किसिमले भएको छ वा परम्परागत सैद्धान्तिक किसिमले गरिएको छ भन्ने तथ्य खोजीको विषय बनेको छ । यही अनुसन्धानात्मक समस्यामा आधारित भई स्नातक तहमा रचनामुखी व्याकरण शिक्षणको उपयोग अवस्थाको खोजी गर्नु प्रस्तुत अनुसन्धानको मूल उद्देश्य रहेको छ ।

## सैद्धान्तिक अवधारणा

प्रस्तुत अनुसन्धान रचनामुखी व्याकरण शिक्षणसँग सम्बन्धित छ । यसलाई भिगोत्स्कीको निर्माणवादी सिकाइ सिद्धान्त (सन् १९७८) र थर्नबरीको पाठ र सन्दर्भपरक व्याकरण शिक्षण सिद्धान्त (सन् २००२) सँग सम्बन्धित गरिएको छ ।

रसियन मनोवैज्ञानिक लिभ सेमिओनोभिच भिगोत्स्की (सन् १८९६-१९३४) द्वारा प्रतिपादित सामाजिक निर्माणवादी सिद्धान्तलाई स्विस मनोवैज्ञानिक पियाजे (सन् १८९८-१९८०) को संज्ञानात्मक मनोविज्ञानका जगबाट विकसित, परिष्कृत र नवीन सिद्धान्त मानिन्छ । यस सिद्धान्तअनुसार बच्चाको सिकाइ सामाजिक अन्तरक्रिया र सन्दर्भमा निर्भर रहन्छ । यसका लागि बच्चाको सामाजिक, सांस्कृतिक पक्षले महत्त्वपूर्ण भूमिका खेल्छ । यो क्रम पहिला व्यक्तिव्यक्तिका बिचमा र पछि आफैभित्र विकसित हुन्छ ( भिगोत्स्की, सन् १९७८, पृ. ५७) । यसबाट सिकाइ सामाजिक सहकार्यमूलक एवम् अन्तरक्रियाको उपज हो भन्ने स्पष्ट हुन्छ । यस सिद्धान्तले बालकलाई सक्रिय खोजकर्ताका रूपमा लिन्छ । बालबालिका आफू एक्लैले प्राप्त गर्ने ज्ञान र सिपभन्दा बयस्क, अग्रज वा साथीभाइसँगको सङ्गतले वा उनीहरूको सहयोग वा टेवाबाट प्राप्त गर्ने ज्ञान र सिपको मात्रा बढी हुन्छ (क्यामेरोन, सन् २००१, पृ. ५२८) । यस सिद्धान्तले सिकारुको भूमिकालाई उच्च महत्त्व दिन्छ र बढी ज्ञान भएका व्यक्तिको आवश्यकतालाई स्विकार्छ । यस आधारमा शिक्षकहरू शिक्षण सिकाइका लागि सहयोगी, मार्गदर्शक र सहजकर्ताको भूमिकामा रहन्छन् । रचनामुखी व्याकरण शिक्षणले पनि यही मान्यतालाई आत्मसात् गर्छ ।


थर्नबरीको पाठ र सन्दर्भको उपयोग सिद्धान्त (सन् २००२) ले भाषा र व्याकरणको सम्बन्धलाई अभिन्न ठान्छ । यसले भाषा सन्दर्भमा आधारित विषय हो, सन्दर्भ नबुझी

ठोस अर्थ दिन सकिँदैन भन्दै व्याकरण शिक्षणमा भाषा, पाठ वा सन्दर्भलाई आधार बनाउनुपर्ने मान्यता राखेको छ । व्याकरण शिक्षणलाई अन्तरक्रियात्मक र उत्पादनात्मक बनाउने मान्यताका अतिरिक्त व्याकरण शिक्षणमा एकीकृत विधि (थ्रिपि मोडेल) का रूपमा प्रस्तुतीकरण, अभ्यास र उत्पादनमा जोड दिन खोजिएको छ (थर्नबरी, सन् २००२, पृ. ६९-९१) । यसका अनुसार व्याकरण शिक्षणमा प्रत्येक विद्यार्थीले पाठ्यवस्तु अनुकूल कुनै न कुनै पाठ रचना गर्छन्, कक्षामा सुनाउँछन्, अरूका रचना सुन्छन्, आफ्नो कमजोरी पहिल्याउँछन् र भाषातत्त्वको धारणा बसाल्छन् । यसबाट भाषाको सबलीकरणसँगै भाषातत्त्वको सिकाइ दिगो र सिर्जनशील बन्छ भन्ने मान्यता अधिकारी ( २०७०।०७१, पृ. ४-५) ले राखेका छन् । यसमा सिकारुलाई भाषातत्त्वको सिकाइमा समान अवसर दिई प्रस्तुतीकरण र अभ्यास गर्न लगाइन्छ । भाषाको शुद्ध प्रयोग क्षमताको विकास गरी भाषातत्त्वको धारणा बसाल्न पाठ र सन्दर्भको उपयोग महत्त्वपूर्ण हुन्छ ( मुर्किया र हिलेज, सन् १९९८, पृ. १४९-१६७) । यस कार्यमा सिकारु भाषाको प्रयोगमा अभ्यस्त हुन्छन् भने शिक्षक सहजकर्ताका रूपमा रही सिकारुलाई सिकाइमा प्रेरित गर्छन् ।

उल्लिखित दुवै सिद्धान्तले शिक्षक विद्यार्थीबिच हुने भाषिक अन्तरक्रियालाई जोड दिन्छन् । यस सन्दर्भमा पौडेलले पनि व्याकरण आफैमा अमूर्त तत्त्व भएकाले व्याकरण शिक्षणलाई परम्परागत नियम, परिभाषा र वर्गीकरणमा आधारित बौद्धिक बोझ र बुद्धिविनोदको विषय नबनाई सरल सङ्कथनयुक्त प्रयोग सन्दर्भका आधारमा कार्यमूलक ढङ्गले सिकाउन पर्ने मान्यता राख्छन् (२०७०।०७१, पृ. ७) । यसर्थ व्याकरण शिक्षणका यिनै दुई सिद्धान्तमा आधारित भएर प्रस्तुत अनुसन्धानमा स्नातक तहको नेपाली भाषा कक्षामा रचनामुखी व्याकरण शिक्षणको उपयोग पक्षको खोजी गरिएको छ ।

## अवधारणात्मक रूपरेखा

प्रस्तुत अनुसन्धान शीर्षकमा रहेका चर र यससँग सम्बन्धित भएर गरिने शिक्षण कार्यमा आधारित यस अनुसन्धानको अवधारणात्मक रूपरेखालाई यहाँ चित्रात्मक रूपमा देखाइएको छ ।




दिइएको अवधारणात्मक रूपरेखाबाट स्नातक तहको नेपाली भाषा कक्षामा रचनामुखी व्याकरण शिक्षणको उपयोगबारे अनुसन्धान हुने स्पष्ट हुन्छ । यसबाट परिमाणात्मक अनुसन्धान ढाँचा, सर्वेक्षण तथा वर्णनात्मक विधि र उत्तरप्रत्यक्षवादी दर्शनको उपयोग गरिएको पुष्टि हुन्छ ।

## अनुसन्धान विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धान परिमाणात्मक ढाँचामा आधारित छ । यसमा उत्तरप्रत्यक्षवादी दर्शन र सर्वेक्षण विधिको उपयोग गरिएको छ । यसको दार्शनिक पक्ष तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिलाई निम्नानुसार क्रमश: प्रस्तुत गरिएको छ ।

**दार्शनिक स्थिति :** प्रस्तुत अनुसन्धान एकल सत्य (सिङ्गल रियालिटी) मा आधारित छ । उत्तरप्रत्यक्षवादी दर्शनले जीवनजगत्का वस्तुगत तथ्यको खोजी गर्ने हुनाले संरचित प्रश्नावलीका माध्यमबाट प्राप्त सत्यलाई वस्तुगत रूपमा अर्थ्याएको छ । व्याकरण शिक्षणमा पाठ र सन्दर्भको उपयोग तथा निर्माणवादी सिकाइ सिद्धान्त र व्याकरण शिक्षकका शिक्षण कार्यकलापमा आधारित वस्तुगत धारणालाई अनुसन्धानमा ज्ञान (इपिस्टोमोलोजी) का रूपमा लिइएको छ । अनुसन्धानमा सूचकका भनाइलाई समग्रता (आवृत्ति र प्रतिशत) मा हेरी साझा मूल्यलाई स्वीकार गरिएको छ । अनुसन्धानमा तर्क र साक्ष्यलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरिएको छ ।

**तथ्याङ्क सङ्कलनका तरिका :** प्रस्तुत अनुसन्धानमा नेपालका २१ जिल्लाका १०० जना शिक्षकलाई नमुना छनोटका रूपमा लिइएको छ । लैङ्गिक आधारमा पुरुष शिक्षकको

सङ्ख्या ६८ र महिला शिक्षकको सङ्ख्या ३२ रहेको छ । उनीहरूबाट प्रश्नावली उपकरणका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। प्रश्नावली व्यक्तिगत रूपमा भेटेर र इमेलमार्फत भर्न लगाइएको छ। यस क्रममा प्रश्नावली निर्माण गर्दा विषयगत वैधता र समानान्तर प्रारूप विधिको उपयोग गरी उपकरणमा विश्वसनीयता र वैधता कायम गरिएको छ । यसैगरी सन्दर्भपुस्तक, अनुसन्धानमूलक लेख, शोधप्रतिवेदनहरू तथा विद्युतीय (अनलाइन) सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।


**तथ्याङ्क विश्लेषणका विधि तथा प्रक्रिया :** प्रश्नावलीबाट सङ्कलित परिमाणात्मक तथ्याङ्कलाई सर्वप्रथम व्यवस्थित रूपमा सङ्गठित गरिएको छ । सङ्गठित तथ्याङ्कलाई प्रश्नको प्रकृतिअनुसार भिन्नभिन्न उपशीर्षकमा आधारित भई एम.एस. एक्सल उपकरणको उपयोग गरी बारम्बारता र प्रतिशत निकालिएको छ। प्रतिशतलाई व्यवस्थित प्रस्तुतिका लागि स्तम्भचित्र, वृत्तचित्र र तालिकामा देखाइएको छ। यसरी तथ्याङ्कशास्त्रीय विधिमार्फत प्रस्तुत गरिएका तथ्याङ्कलाई पुनः वर्णनात्मक विधिका माध्यमबाट व्याख्या विश्लेषण गरी प्राज्ञिक खोजका आधारमा निष्कर्ष स्थापित गरिएको छ । अनुसन्धानको प्राप्तिलाई पूर्वकार्य, सिद्धान्त र समस्याकथनसँग जोडेर छलफल गरी सामान्यीकरण गरिएको छ ।

## तथ्याङ्कको प्रस्तुतीकरण

वर्तमान (२०७७) स्नातक तह (त्रि.वि.) शिक्षाशास्त्र र मानविकी सङ्कायको अनिवार्य नेपाली विषयमा व्याकरण खण्डअन्तर्गत २५ अङ्कको व्याकरणसम्बद्ध पाठ्यवस्तु निर्धारण गरिएको छ। यसअन्तर्गत अक्षरीकरण, वर्णविन्यास, शब्दस्रोत, शब्दवर्ग, शब्दनिर्माण, वाक्यतत्त्वपरक रचना, वाक्यान्तरण र वाक्यसंश्लेषण रहेका छन् (गौतम, भण्डारी र ओझा, २०६९, परिशिष्ट) । यिनै पाठ्यांशमा आधारित भएर निर्माण गरिएका प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा स्नातक तहको नेपाली व्याकरण शिक्षण प्रक्रियालाई निम्नानुसार क्रमशः प्रस्तुत गरिएको छ :

**पाठ्यक्रमको स्वरूपसम्बन्धी सूचना :** स्नातक तहमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले स्नातक तहको पाठ्यक्रमको स्वरूपका सम्बन्धमा दिएका सूचनात्मक विचारलाई चित्र नं. १ मा प्रतिशत गणनाका माध्यमबाट देखाइएको छ :

चित्र नं. १ : *पाठ्यक्रमको स्वरूपसम्बन्धी सूचना*




(स्रोत : शिक्षकहरूबाट प्राप्त अवधारणात्मक सूचना, २०७७)

चित्र नं. १ मा उल्लेख भएअनुसार स्नातक तहमा व्याकरण शिक्षण गर्ने १०० जना शिक्षकहरूले अनिवार्य नेपाली विषयको पाठ्यक्रमको स्वरूपका बारेमा अलगअलग धारणा राखेका छन् । संलग्न शिक्षकमध्ये १० जना अर्थात् एक चौथाइभन्दा कम (१०%) शिक्षकले वर्तमान स्नातक नेपालीको पाठ्यक्रमलाई संरचनात्मक, ७३ जना अर्थात् तीन चौथाइ (७३%) शिक्षकले रचनामुखी, १७ जना वा एक चौथाइभन्दा कम (१७%) शिक्षकले प्रयोगात्मक र शून्य प्रतिशत (०%) शिक्षकले विशेष पाठ्यक्रम हो भन्ने धारणा राखेका छन् । शिक्षण निर्देशिका (२०६६) र स्नातक नेपाली पाठ्यक्रम (२०६९) ले वर्तमान नेपाली पाठ्यक्रमलाई रचनामुखी (सम्प्रेषणात्मक) पाठ्यक्रम भनेको छ । यसबाट वर्तमान नेपाली व्याकरणको पाठ्यक्रमलाई सम्प्रेषणात्मक भनिए पनि शिक्षण सिकाइका क्रममा पाठ्यक्रम पूर्णत: रचनामुखी बन्न सक्ने गरी निर्माण भएको देखिएन । समग्रमा स्नातक तहको नेपाली भाषा पाठ्यक्रमलाई रचनामुखी पाठ्यक्रमका रूपमा लिइएको देखिन्छ ।

**व्याकरण सिकाउने तरिकासम्बन्धी सूचना :** छनोटमा लिइएका स्नातक तहमा व्याकरण सिकाउने शिक्षकहरूबाट प्राप्त सूचनालाई तालिका १ मा आवृत्ति र प्रतिशत गणनाका माध्यमबाट देखाइएको छ :

तालिका १ : *व्याकरण सिकाउने तरिकासम्बन्धी सूचना*

| क्र.सं. | व्याकरण सिकाउने तरिका | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | रचनामुखी (सम्प्रेषणात्मक) ढङ्गबाट | ६० | ६० |
| २) | निगमन, आगमन र पाठ्यपुस्तकका माध्यमबाट | २१ | २१ |
| ३) | नियम, प्रयोग र अभ्यासका माध्यमबाट | १९ | १९ |
| ४) | सैद्धान्तिक किसिमबाट | ० | ० |


(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका १ मा उल्लेख भएअनुसार स्नातक तहमा व्याकरण शिक्षण गर्ने १०० जना शिक्षकहरूमध्ये व्याकरणलाई रचनामुखी (सम्प्रेषणात्मक) ढङ्गबाट सिकाउनुपर्छ भन्नेमा ६० जना अर्थात् आधाभन्दा बढी (६०%) शिक्षक, निगमन, आगमन र पाठ्यपुस्तकका माध्यमबाट शिक्षण गर्न सकिन्छ भन्नेमा २१ जना अर्थात् एक चौथाइभन्दा कम (२१%) शिक्षक, नियम, प्रयोग र अभ्यासका माध्यमबाट भन्नेमा १९ जना अर्थात् एक चौथाइभन्दा कम (१९%) शिक्षक र सैद्धान्तिक किसिमबाट भन्नेमा कोही पनि (0%) भएको देखिएन ।

वर्तमान स्नातक नेपाली पाठ्यक्रम (२०६९) र अनिवार्य नेपाली शिक्षण निर्देशिका ( २०६६) ले व्याकरण शिक्षणलाई रचनामुखी (सम्प्रेषणात्मक) किसिमले सिकाउने मान्यता राखेका छन् । यस आधारमा स्नातक तहको नेपाली व्याकरण शिक्षण प्रक्रिया पूर्णत: उद्देश्योन्मुख बन्न सक्ने देखिँदैन । यसो हुनुमा सरकारी शिक्षालयहरूमा विद्यार्थीको उच्च चाप र शिक्षकमा वर्तमान स्नातक नेपाली व्याकरण शिक्षण सिकाइको मूल मर्मप्रति सचेतता नदेखिनुलाई मान्न सकिन्छ ।

**अक्षरसंरचना शिक्षण प्रक्रिया :** छनोटमा लिइएका शिक्षकहरूबाट स्नातक तहमा नेपाली व्याकरण अध्यापन गराउँदा अक्षरसंरचना शिक्षणको प्रक्रियालाई स्तम्भ चित्र नं. २ मा देखाइएको छ :

चित्र नं. २ : *अक्षरसंरचना शिक्षण प्रक्रिया*




(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

चित्र २ अनुसार स्नातक तहमा नेपाली व्याकरणअन्तर्गत अक्षरसंरचना शिक्षण गर्दा ८ जना अर्थात् एक चौथाइभन्दा कम (८%) शिक्षकले अनुच्छेद दिई त्यसमा प्रयुक्त शब्दको परिभाषा र उदाहरणबाट अक्षर पहिचानको यथेष्ट अभ्यास गराउने गरेको धारणा राखेका छन् । यसैगरी ८० जना वा तीन चौथाइभन्दा बढी (८०%) शिक्षकले अनुच्छेदमा रेखाङ्कित शब्द दिई मानक उच्चारण र प्रश्नोत्तरबाट, यस्तै १२ जना अर्थात् एक चौथाइभन्दा कम (१२%) शिक्षकले नियम, उदाहरण र परिभाषाबाट अक्षर पहिचानको अभ्यास गराउने गरेको विचार प्रकट गरेका छन् । अनुच्छेदमा प्रयुक्त वाक्यको व्याख्या, छलफल र प्रश्नोत्तरबाट अक्षर पहिचानको अभ्यास गराउनुपर्छ भन्नेमा कसैको पनि विचार (०%) आएको देखिएन । समग्रमा अक्षरसंरचना शिक्षण पाठमा आधारित अन्तरक्रिया केन्द्रित बनेको देखिन्छ ।

**वर्णविन्यास शिक्षण प्रक्रिया :** स्नातक तहको नेपाली व्याकरणअन्तर्गत निर्धारण गरिएको वर्णविन्यास शिक्षणका लागि छनोटमा शिक्षकहरूले अपनाउने गरेको शिक्षण प्रक्रियालाई तालिका २ मा देखाइएको छ :

तालिका २ : *वर्णविन्यास शिक्षण प्रक्रिया*


| क्र.सं. | वर्णविन्यास शिक्षण प्रक्रिया | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | नियम कण्ठ गर्न लगाई सोअनुकूल अभ्यास गराउने, | ९ | ९ |
| २) | सचेत भएर पढ्ने र सोअनुकूल लेख्ने बानी बसाल्ने | ३० | ३० |
| ३) | वर्णविन्यास मिलाई ससाना अनुच्छेदमा केही लेख्न र वर्णन गर्न लगाउने | ५० | ५० |
| ४) | शब्दकोशको प्रयोग गर्ने बानीको विकास गराउने | ११ | ११ |

(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका २ अनुसार स्नातक तहमा वर्णविन्यास शिक्षण गर्दा ९ जना अर्थात् एक चौथाइभन्दा कम (९%) शिक्षकले नियम कण्ठ गर्न लगाई सोअनुकूल अभ्यास गराउने गरेको देखियो । यसैगरी ३० जना अर्थात् एक चौथाइभन्दा बढी (३०%) शिक्षकले सचेत भएर पढ्ने र सोअनुकूल लेख्ने बानी बसाल्ने भनेको पाइयो । ५० जना अर्थात् आधा सङ्ख्याका (५०%) शिक्षकले वर्णविन्यास मिलाई ससाना अनुच्छेदमा केही लेख्न र वर्णन गर्न लगाई वर्णविन्यास शिक्षण गर्नुपर्छ भन्ने धारणा राखेको देखियो भने ११ जना अर्थात् एक चौथाइभन्दा कम (११%) शिक्षकले शब्दकोशको प्रयोग गर्ने बानीको विकासबाट वर्णविन्यास शिक्षण गर्नुपर्छ भन्ने धारणा राखेको पाइयो । हुन त नियम, सचेतता र शब्दकोशको प्रयोगबाट पनि वर्णविन्यास शिक्षण सिकाइ हुन्छ तर अन्य तरिकाभन्दा वर्णविन्यास मिलाई ससाना अनुच्छेदमा केही लेख्न र वर्णन गर्न लगाउने गर्नाले भाषासँगै व्याकरण सिकिने हुँदा यस तरिकालाई वर्तमान माध्यमिक नेपाली पाठ्यक्रमले प्रस्ताव पनि गरेको (गौतम, भण्डारी र ओझा, २०६९, पृ. परिशिष्ट) र अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) ले पनि रचनामुखी वर्णविन्यास शिक्षणमा जोड दिएको आधारलाई मान्दा निर्धारित प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा वर्णविन्यास शिक्षण गर्ने धेरै प्रक्रियाको विकास गरिएको भए पनि पाठ र सन्दर्भमा आधारित भई व्याकरण शिक्षण गर्ने बारे सबैको एउटै मत देखिएन । यसबाट स्नातक तहको नेपाली व्याकरण शिक्षण अपेक्षाकृत पाठ र सन्दर्भमा आधारित बन्न सकेको देखिँदैन ।

**शब्दवर्ग शिक्षण तरिका :** स्नातक तहमा नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकले शब्दवर्ग शिक्षणमा अपनाउने गरेको प्रक्रिया चित्र नं. ३ मा देखाइएको छ :

चित्र नं. ३ : *शब्दवर्ग शिक्षण प्रक्रिया*





(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

चित्र नं. ३ अनुसार स्नातक तहमा शब्दवर्ग शिक्षण गर्ने तरिकाअनुसार १३ जना अर्थात् एक चौथाइभन्दा कम (१३%) शिक्षकले रचना वा अनुच्छेदबाट शब्दवर्गको परिभाषा, प्रकार र तिनको उदाहरण दिने गरेको धारणा औंल्याएका छन् । यसैगरी ८० जना अर्थात् तीन चौथाइभन्दा बढी (८०%) शिक्षकले रचना वा अनुच्छेदबाट शब्दको प्रयोग, परिवेश र कार्य पहिल्याउन लगाउने र ७ जना अर्थात् एक चौथाइभन्दा कम (७%) शिक्षकले शब्दवर्ग शिक्षण गर्दा शब्दवर्गसम्बन्धी कक्षामा व्याख्या, छलफल र प्रश्नोत्तर गराउने गरेको विचार राखेका छन् । कोशीय र व्याकरणिक अर्थका आधारमा शब्दवर्ग शिक्षण गर्ने विषयमा कसैको पनि (०%) विचार प्रकट भएको छैन । यसरी निर्धारित शिक्षकबाट अभिव्यक्त विचार अर्थात् तीन चौथाइभन्दा बढी शिक्षकहरूले रचना वा अनुच्छेदबाट शब्दको प्रयोग परिवेश र कार्य पहिल्याउन लगाउने गरेको भनेका र स्नातक नेपाली पाठ्यक्रम तथा स्नातक अनिवार्य नेपाली शिक्षण निर्देशकाले पनि पाठ वा रचनाका आधारमा शब्दको शिक्षण गर्नुपर्ने प्रस्ताव गरेकाले शब्दवर्गको शिक्षण सिकाइ उद्देश्योन्मुख रहेको देखिन्छ ।

**शब्दस्रोत शिक्षण प्रक्रिया :** स्नातक तहमा व्याकरण शिक्षण गर्दा शिक्षकहरूले शब्दस्रोत शिक्षण गर्ने प्रक्रियाका बारेमा दिएको धारणालाई चित्र नं. ४ मा देखाइएको छ ।

चित्र नं. ४ : *शब्दस्रोत शिक्षण प्रक्रिया*





(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

चित्र ४ मा उल्लेख गरिएअनुसार स्नातक तहमा व्याकरण शिक्षण गर्दा १०% शिक्षकले शब्दकोशको प्रयोगमा ध्यान दिन लगाउने गरेको धारणा व्यक्त गरेका छन् । त्यस्तै १० जना अर्थात् एक चौथाइभन्दा कम शिक्षकले अनुच्छेदबाट शब्दस्रोतको परिचय र प्रकारबारे जानकारी दिने गरेको विचार प्रकट गरेका छन् । त्यसैगरी १० जना अर्थात् एक चौथाइभन्दा कम (१०%) शिक्षकले अनुच्छेदबाट शब्दको वर्गीकरण गरी अभ्यास गराउने र ७० जना अर्थात् तीन चौथाइ नजिक (७०%) शिक्षकले अनुच्छेदबाट शब्दको प्रकृति हेरी शब्दस्रोत पहिचान गराउने गरेको उत्तर दिएका छन् । यसबाट अत्यधिक शिक्षकको धारणा अनुच्छेद वा पाठबाट शब्दको प्रकृति हेरी शब्दस्रोत पहिचान गराउने रहेको देखियो । समग्रमा हेर्दा अनिवार्य नेपाली पाठ्यक्रम र स्नातक अनिवार्य नेपाली शिक्षण निर्देशिकाले पाठ वा रचनाका आधारमा शब्दस्रोत शिक्षण गर्ने प्रस्ताव गरेको भए पनि यस तहमा शब्दस्रोत शिक्षण पूर्णतः उद्देश्यकेन्द्रित र पाठपरक हुन नसकेको देखिन्छ ।

**शब्दनिर्माण प्रक्रियाको शिक्षण तरिका :** स्नातक नेपाली व्याकरणमा उपसर्ग, प्रत्यय, समास र द्वित्वबाट शब्दनिर्माण गर्न सकिने व्यवस्था गरिएको छ । शब्दनिर्माण प्रक्रिया शिक्षण गर्ने सम्बद्ध शिक्षकहरूको धारणालाई चित्र ५ मा देखाइएको छ ।

चित्र नं. ५ : *शब्दनिर्माणसम्बद्ध शिक्षण प्रक्रिया*




(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

चित्र नं. ५ मा उल्लेख भएअनुसार शब्दनिर्माण प्रक्रियाको शिक्षण गर्दा ३० जना अर्थात् एक चौथाइभन्दा कम (३०%) शिक्षकबाट सर्ग, समास, द्वित्व र सन्धिको परिचय, प्रकार र उदाहरणद्वारा छलफल गराउने गरेको धारणा अभिव्यक्त भएको छ । त्यसैगरी ६२ जना अर्थात् आधा सङ्ख्याभन्दा बढी (६२%) शिक्षकको शिक्षण सिकाइ भने अनुच्छेदमा प्रयोग भएका आधारमा शब्दको निर्माण प्रक्रियाबारे छलफल गराउने रहेको छ । त्यस्तै ८ जना (८%) शिक्षकले नियम, प्रयोग, अभ्यास र अपवादबाट शब्दनिर्माणसम्बन्धी आवश्यक छलफल गराएर शिक्षण सिकाइ सम्पन्न गर्ने विचार प्रकट गरेको पाइन्छ । सूचीकृत सर्गबाट आधिकारिक शब्द बनाउन उत्प्रेरित गर्ने प्रक्रियाका बारेमा कसैको पनि धारणा प्रकट भएको छैन । यसबाट प्रश्नावलीका आधारमा आधाभन्दा बढी शिक्षकले अनुच्छेदलाई आधार बनाई त्यहाँ प्रयोग भएका शब्दको निर्माण कसरी भएको छ भन्ने कुराको खोजी गरी शब्दनिर्माण प्रक्रियाबारे छलफल र पृष्ठपोषण गराएको देखियो । अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) र स्नातक नेपाली पाठ्यक्रम (२०६९) ले यस तहमा गरिने व्याकरण शिक्षणको शब्दनिर्माणसम्बन्धी अभ्यास गराउँदा नियम र परिभाषातिर नगई अनुच्छेदमा प्रयोग भएका शब्दका आधारमा शब्दनिर्माण प्रक्रियाबारे

छलफल गराउने, अनुच्छेदबाट व्युत्पन्न शब्द खोज्न लगाउने (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ. १५४) प्रस्ताव गरेका आधारमा हेर्दा प्रश्नावली उपकरणका माध्यमबाट यस तहको शब्दनिर्माण प्रक्रियासम्बद्ध सिकाइ पाठ र सन्दर्भ अनुरूप देखिन्छ ।

**वाक्यतत्त्वपरक रचना शिक्षण प्रक्रिया :** वाक्यतत्त्वपरक रचना (लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य, प्रेरणार्थक, अकरण आदि) को शिक्षण सिकाइ गर्दा शिक्षकले अपनाएको प्रक्रियालाई तालिका नं. ३ मा देखाइएको छ ।

तालिका ३ : *वाक्यतत्त्वपरक रचना शिक्षण प्रक्रिया*

| क्र.सं. | वाक्यतत्त्वपरक रचना शिक्षण | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | व्याकरणिक कोटिका आधारमा प्रसङ्गमूलक वाक्य/अनुच्छेद रचना गरी प्रस्तुतीकरण र छलफल गराउने, | १५ | १५ |
| २) | व्याकरणिक कोटिको परिचय, प्रकार र उदाहरण दिई कक्षामा आवश्यक छलफल र प्रस्तुतीकरण गराउने, | ४५ | ४५ |
| ३) | दिइएको अनुच्छेदबाट व्याकरणिक कोटिको पहिचान गर्न लगाई आवश्यक छलफल र टिप्पणी गरिदिने | ३२ | ३२ |
| ४) | वर्णनात्मक, आख्यानात्मक र संवादात्मक अभिव्यक्तिका ससाना अनुच्छेद रचना गर्न लगाई आवश्यक सुझाव दिने | ८ | ८ |


(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका नं. ३ मा जनाइएअनुसार वाक्यतत्त्वपरक रचना शिक्षण गर्दा १५ जना अर्थात् एक चौथाइभन्दा कम (१५%) शिक्षकले व्याकरणिक कोटिका आधारमा प्रसङ्गमूलक वाक्य/अनुच्छेद रचना गरी प्रस्तुतीकरण र छलफल गराउने गरेको धारणा राखेका छन् । त्यस्तै ४५ जना अर्थात् आधा सङ्ख्या नजिक (४५%) शिक्षकले व्याकरणिक कोटिको परिचय, प्रकार र उदाहरण दिई कक्षामा आवश्यक छलफल र प्रस्तुतीकरण गराउने गरेका छन् भने ३२ जना अर्थात् एक चौथाइभन्दा बढी (३२%) शिक्षकले दिइएको अनुच्छेद/वाक्यबाट व्याकरणिक कोटिको पहिचान गर्न लगाई आवश्यक छलफल र टिप्पणी गरिदिने गरेको देखिएको छ । त्यसैगरी ८ जना अर्थात् एक चौथाइभन्दा कम ( ८%) शिक्षकले वर्णनात्मक, आख्यानात्मक र संवादात्मक अभिव्यक्तिका ससाना अनुच्छेद रचना गर्न लगाई आवश्यक सुझाव दिने गरेको विचार राखेका छन् । यसबाट स्नातक तहमा गरिने वाक्यतत्त्वपरक शिक्षण अझै पनि परम्परागत नियम, परिभाषा र

वाक्यकेन्द्रित रहेको पाइयो । समग्रमा पाठ वा अनुच्छेदमा आधारित भई व्याकरणिक कोटिका आधारमा प्रसङ्गमूलक रचनामुखी शिक्षण पूर्णतः हुन सकेको छैन । यसर्थ विद्यार्थी सङ्ख्या धेरै हुनु र पाठ्यक्रमको प्रकृतिप्रति पूर्णतः परिचित हुन नसक्नुलाई सैद्धान्तिक वाक्यतत्त्वपरक रचना शिक्षण हुने कारण मान्न सकिन्छ ।

**वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षण प्रक्रिया :** शिक्षकले वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षणका विषयमा दिएको उत्तरलाई स्तम्भ चित्र नं. ६ मा देखाइएको छ ।

चित्र नं.६ : *वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षण*




(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

चित्र नं. ६ मा सङ्केत गरेअनुसार वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षणमा १० जना अर्थात् एक चौथाइभन्दा कम (१०%) शिक्षकले वर्णनात्मक, समस्यामूलक र अभिनयात्मक अभिव्यक्तिमा जोड दिएका छन् । त्यस्तै २१ जना अर्थात् एक चौथाइ नजिक (२१%) शिक्षकले विद्यार्थीलाई सामान्य, विशिष्ट र आख्यानात्मक अभिव्यक्तितर्फ अभिमुख गराएका छन् । त्यसैगरी ५९ जना अर्थात् आधाभन्दा बढी (५९%) शिक्षकले वर्णनात्मक, आख्यानात्मक र संवादात्मक अभिव्यक्तितर्फ जोड दिएका छन् भने १० जना (१०%) शिक्षकले वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षणमा आलङ्कारिक, विशिष्ट र भावनात्मक अभिव्यक्तिमा जोड दिएर शिक्षण गर्ने गरेको कुरा बताएका छन् । अनिवार्य नेपाली

शिक्षण निर्देशिका (२०६६, पृ. १५५) र स्नातक अनिवार्य नेपाली व्याकरण (२०६९) ले वाक्यतत्त्व शिक्षणमा वर्णनात्मक, आख्यानात्मक र संवादात्मक अभिव्यक्तितर्फ जोड दिनु पर्ने प्रस्ताव गरेअनुसार नै यस तहको वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षण हुने गरेको देखियो । प्रश्नावलीबाट प्राप्त उत्तरका आधारमा यस तहमा वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षण उद्देश्योन्मुख देखिए पनि पूर्ण सफल र प्रभावकारी बन्न भने सकेको देखिँदैन ।

**वाक्यान्तरण शिक्षण प्रक्रिया :** शिक्षकहरूले स्नातक तहमा वाक्यान्तरण शिक्षण गर्दा अपनाएको तरिकालाई तालिका नं. ४ मा देखाई वर्णन गरिएको छ ।

तालिका ४ : *वाक्यान्तरण शिक्षण प्रक्रिया*

| क्र.सं. | वाक्यान्तरण शिक्षण प्रक्रिया | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | व्याकरणात्मक कोटिका आधारमा बनेको अनुच्छेदलाई विभिन्न वाक्यढाँचामा परिवर्तन गर्न लगाउने, | ६० | ६० |
| २) | एकप्रकारको वाक्यढाँचालाई कोष्ठकमा दिइएको निर्देशनका आधारमा परिवर्तन गर्न लगाई टिप्पणी गरिदिने, | २५ | २५ |
| ३) | व्याकरणिक कोटिको परिचय, परिभाषा र उदाहरण दिई सोही अनुसार वाक्यपरिवर्तन गर्न लगाई छलफल गराउने, | १५ | १५ |
| ४) | वाक्यान्तरणको परिचय र उदाहरण दिई त्यसको व्याख्या गरिदिने । | ० | ० |

(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका ४ मा उल्लेख भएअनुसार वाक्यान्तरण शिक्षण गर्दा अपनाउने तरिकाका बारेमा छनोटमा लिइएका शिक्षकहरूले फरकफरक धारणा प्रकट गरेका छन् । यसअनुसार ६० जना अर्थात् आधाभन्दा बढी (६०%) शिक्षकले व्याकरणात्मक कोटिका आधारमा बनेका अनुच्छेदलाई विभिन्न वाक्यढाँचामा परिवर्तन गर्न लगाई टिप्पणी गरिदिने गरेको कुरा बताएका छन् । यसैगरी २५ जना अर्थात् एक चौथाइ (२५%) शिक्षकले एकप्रकारको वाक्यढाँचालाई कोष्ठकमा दिइएको निर्देशनका आधारमा परिवर्तन गर्न लगाई टिप्पणी गरिदिने गरेको बताएका छन् । त्यस्तै १५ जना अर्थात् एक चौथाइभन्दा कम (१५%) शिक्षकले व्याकरणिक कोटिको परिचय, परिभाषा र उदाहरण दिई सोहीअनुसार वाक्यपरिवर्तन गर्न लगाई छलफल गराएर वाक्यान्तरण शिक्षण गर्ने गरेको धारणा राखेका छन् । वाक्यान्तरणको परिचय र उदाहरण दिई त्यसको व्याख्या गरिदिएर वाक्यान्तरण शिक्षण गर्न सकिनेतर्फ भने कसैको पनि सहमति देखिएन । यसबाट प्रश्नावलीका आधारमा वाक्यान्तरण शिक्षण वाक्य वा अनुच्छेदका माध्यमबाट

एकप्रकारको व्याकरणात्मक कोटिलाई अर्को प्रकारको व्याकरणात्मक कोटिमा परिवर्तन गर्न लगाई वाक्यान्तरण शिक्षण गरिएको पाइएकाले त्यो पूर्णतः रचनामुखी शिक्षण भएको पाइएन । स्नातक नेपाली शिक्षण निर्देशिका (२०६६) र स्नातक तहको नेपाली शिक्षा पाठ्यक्रम (२०६९) ले पनि व्याकरण शिक्षणलाई पाठ र सन्दर्भमा आधारित बनाउने प्रस्ताव गरेका सन्दर्भमा प्रश्नावलीबाट प्राप्त तथ्यका आधारमा विश्लेषण गर्दा यस तहको शिक्षण उद्देश्योन्मुख देखिए पनि पूर्णतः सफल हुन सकेको देखिँदैन ।

**वाक्यसंश्लेषण शिक्षण प्रक्रिया :** शिक्षकले स्नातक तहमा वाक्यसंश्लेषण शिक्षण गर्दा अपनाएको प्रक्रियालाई तालिका ५ मा देखाइएको छ ।

तालिका ५ : *वाक्यसंश्लेषण शिक्षण प्रक्रिया*

| क्र.सं. | वाक्यसंश्लेषण शिक्षण प्रक्रिया | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | यसलाई वाक्यतत्त्वपरक रचनासँग सम्बन्धित गराएर नियम, प्रयोग र अभ्यासका माध्यमले एउटै वाक्यमा संश्लेषण गर्न लगाउने, | ३० | ३० |
| २) | बोध रचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर एउटै वाक्यमा संश्लेषण गर्न लगाउने, | ३२ | ३२ |
| ३) | शब्दनिर्माण प्रक्रियासँग जोडेर नियमका माध्यमबाट प्रयोग अभ्यासतर्फ केन्द्रित गराई वाक्यसंश्लेषण गर्न लगाउने, | ० | ० |
| ४) | सरल वाक्यलाई विभिन्न संयोजक र असमापक क्रियाको ठिकसँग प्रयोग गरी जटिल वाक्य बनाउने अभ्यास गर्न लगाउने । | ३८ | ३८ |

(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका ५ मा जनाइएअनुसार स्नातक तहमा वाक्यसंश्लेषण गर्दा ३० जना अर्थात् एक चौथाइभन्दा बढी (३०%) शिक्षकले यसलाई वाक्य तत्त्वपरक रचनासँग सम्बन्धित गराएर नियम, प्रयोग र अभ्यासका माध्यमले एउटै वाक्यमा संश्लेषण गर्न लगाएको बताएका छन् । ३२ जना शिक्षक अर्थात् एक चौथाइभन्दा बढी (३२%) ले यसलाई बोधरचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर एउटै वाक्यमा संश्लेषण गर्न लगाउने गरेको विचार प्रकट गरेका छन् । यसैगरी ३८ जना अर्थात् एक चौथाइभन्दा बढी (३८%) शिक्षकले सरल वाक्यलाई विभिन्न संयोजक र असमापक क्रियाको ठिकसँग प्रयोग गरी जटिल वाक्य बनाउन अभ्यास गराएको भनेका छन् । शब्दनिर्माण प्रक्रियासँग जोडेर नियमका माध्यमबाट प्रयोग अभ्यासतर्फ केन्द्रित गराई वाक्यसंश्लेषण शिक्षण

गर्नुपर्छ भन्नेमा कसैको पनि विचार प्रकट भएको देखिएन । बोध रचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर एउटै वाक्यमा संश्लेषण गर्न लगाइने कार्य कम अर्थात् एक चौथाइभन्दा बढी शिक्षकबाट हुने गरेको देखिन्छ। अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६, पृ. १५५) ले भने बोध रचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर वाक्यसंश्लेषणको अभ्यास गराउन जोड दिएकाले यसबाट वाक्यसंश्लेषण शिक्षण पूर्णत: व्यावहारिक, पाठपरक र रचनामुखी बन्न नसकेको प्रतीत हुन्छ ।

**शिक्षण विधिको उपयोग :** शिक्षण पद्धति, विधि र कार्यकलाप सिकाइ सहजीकरण प्रक्रियाका विविध रूप हुन् । विधि र कार्यकलापलाई प्रयोगमा आधारित कार्य मानिन्छ । स्नातक नेपाली व्याकरण शिक्षणमा पनि विविध रचनात्मक कार्यकलाप/विधिको प्रस्ताव गरिएको छ (गौतम, भण्डारी र ओझा, २०६९, पृ. परिशिष्ट) । यस आधारमा स्नातक तहमा व्याकरण शिक्षण गर्दा विषय शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिलाई तालिका ६ मा देखाइएको छ ।

तालिका ६ : *शिक्षण विधिको उपयोग*

| क्र.सं. | शिक्षण विधिको उपयोग | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, | १७ | १७ |
| २) | छलफल, प्रश्नोत्तर प्रस्तुतीकरण, कक्षाकार्य, गृहकार्य, समूह कार्य, परियोजना कार्य, | ६० | ६० |
| ३) | छलफल, प्रस्तुतीकरण, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर | १३ | १३ |
| ४) | गीत, सङ्गीत, खेललगायतका सहकार्यकलाप | १० | १० |

(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका ६ मा उल्लेख भएअनुसार छनोटमा लिइएका शिक्षकहरूमध्ये ६० जना अर्थात् आधा सङ्ख्याभन्दा बढी (६०%) शिक्षकले व्याकरण शिक्षण गर्दा छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण, कक्षाकार्य, समूहकार्य परियोजना कार्य गर्ने गरेको बताएका छन् । यस्तै १७ जना अर्थात् एक चौथाइभन्दा कम (१७%) शिक्षकले स्नातक नेपाली व्याकरण शिक्षण गर्दा व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, गृहकार्य र परियोजना कार्यलाई प्राथमिकता दिने गरेको विचार प्रकट गरेका छन् । १३ जना अर्थात् एक चौथाइभन्दा कम (१३%) शिक्षकले व्याकरण शिक्षणमा छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण, समूहकार्य र परियोजना कार्यलाई प्राथमिकता दिएको कुरा व्यक्त गरेका छन् । त्यस्तै १० जना अर्थात् एक चौथाइभन्दा कम (१०%) शिक्षकले गीत, सङ्गीत, खेललगायतका सहकार्यकलापलाई पनि महत्त्व दिएको कुरा बताएका छन् । अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) र

अनिवार्य नेपाली पाठ्यक्रम (२०६९) ले भने प्रस्तुतीकरण, परियोजना कार्य, सहकार्यकलापलगायतका रचनात्मक र सहकार्यकलापबाट स्नातक तहको नेपाली व्याकरण शिक्षणलाई व्यावहारिक, रचनामुखी र प्रायोगिक बनाउने उद्देश्य लिएको देखिए पनि शिक्षकहरूले प्रयोग गरेका विधिलाई हेर्दा स्नातक तहको वर्तमान व्याकरण शिक्षण पूर्णत: पाठ र सन्दर्भमा आधारित बन्न सकेको देखिँदैन ।

**शैक्षणिक योजनाको निर्माण र उपयोगको अवस्था :** स्नातक तहका शिक्षकले व्याकरण शिक्षण गर्दा शैक्षणिक योजना बनाउने वा नबनाउने अवस्थाबारे दिएको प्रतिक्रियालाई तालिका ७ मा देखाइएको छ ।

तालिका ७ : *शैक्षणिक योजनाको निर्माण*

| क्र.सं. | शैक्षणिक योजनाको निर्माण र उपयोग | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | दैनिक पाठयोजना | १८ | १८ |
| २) | एकाइ योजना | १२ | १२ |
| ३) | वार्षिक शैक्षणिक योजना | ६० | ६० |
| ४) | त्रैमासिक योजना | १० | १० |

(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका ७ अनुसार स्नातक तहमा व्याकरण शिक्षण गर्दा १८ जना अर्थात् एक चौथाइभन्दा कम (१८%) शिक्षकले दैनिक पाठयोजना बनाई शिक्षण गर्ने गरेको देखिन्छ । १२ जना अर्थात् एक चौथाइभन्दा कम (१२%) शिक्षकले एकाइ योजनाका आधारमा व्याकरण शिक्षण गरेको पाइन्छ । त्यस्तै ६० जना अर्थात् आधा सङ्ख्याभन्दा बढी (६०%) शिक्षकले वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्ने गरेको देखिन्छ । त्यस्तै १० जना अर्थात् एक चौथाइभन्दा कम (१०%) शिक्षकले त्रैमासिक योजनालाई महत्त्व दिई शिक्षण गर्ने गरेको पाइन्छ । यसबाट स्नातक तहको नेपाली व्याकरण शिक्षण अझै पनि परम्परागत र सैद्धान्तिक किसिमको भएकाले पूर्णरूपमा रचनामुखी तथा व्यावहारिक हुन सकेको देखिएन । समग्रमा वार्षिक शैक्षणिक योजना बन्ने गरेको भए पनि त्यसले मात्र व्याकरण शिक्षण प्रभावकारी र उद्देश्यअनुकूल बन्न सक्तैन । तसर्थ अन्य योजना पनि बनाई व्याकरण शिक्षण गर्नुपर्ने हुन्छ ।

**शिक्षण/अनुपूरक सामग्रीको निर्माण र उपयोग :** शिक्षण सिकाइ कार्यलाई सफल, प्रभावकारी र जीवन्त राख्न शिक्षण/अनुपूरक सामग्रीको निर्माण र उपयोग आवश्यक

हुन्छ । रचना, पाठ वा अनुच्छेदमा आधारित व्याकरण शिक्षणका लागि शैक्षणिक सामग्रीको उपयोग आवश्यक ठानिन्छ । अत: व्याकरण शिक्षणका क्रममा शिक्षकहरूले बनाएको शैक्षणिक/अनुपूरक सामग्रीको निर्माण र उपयोगलाई तालिका ८ मा देखाइएको छ ।

तालिका ८ : *शिक्षण/अनुपूरक सामग्रीको निर्माण र उपयोग*

| क्र.सं. | शिक्षण/अनुपूरक सामग्रीको निर्माण र उपयोग | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | शिक्षण निर्देशिका, पाठपत्र, तालिका, पत्रपत्रिका | ३४ | ३४ |
| २) | आरेख, आलेख, व्याकरण, पुस्तक, गीत, सङ्गीत, खेल | १६ | १६ |
| ३) | पाठ्यक्रम, शिक्षण निर्देशिका, श्रव्य, दृश्य, पाठ्य | ५० | ५० |
| ४) | दैनिक प्रयोगका सामग्री | ० | ० |

(स्रोत : शिक्षकहरूबाट प्राप्त सूचना, २०७७)

तालिका ८ मा उल्लेख भएअनुसार स्नातक तहमा व्याकरण शिक्षण गर्दा प्राथमिकताका आधारमा ३४ जना अर्थात् एक चौथाइभन्दा बढी (३४%) शिक्षकले शिक्षण निर्देशिका, पाठपत्र, तालिका, पत्रपत्रिकालाई अनुपूरक शिक्षण सामग्रीका रूपमा प्रयोग गर्ने गरेका छन् । त्यस्तै १६ जना अर्थात् एक चौथाइभन्दा कम (१६%) शिक्षकले आरेख, आलेख, व्याकरण पुस्तक, गीत, सङ्गीत, खेलजस्ता शिक्षण सामग्रीको प्रयोग गर्ने गरेका छन् । ५० जना अर्थात् आधा (५०%) शिक्षकले भने पाठ्यक्रम, शिक्षण निर्देशिका, श्रव्य, दृश्य, पाठ्यसामग्रीको प्रयोग गरी शिक्षण गर्ने गरेको बताएका छन् । दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरी शिक्षण गर्ने विषयमा कसैको पनि सहमति देखिएन । यसबाट स्नातक तहको नेपाली व्याकरण शिक्षणमा शिक्षण सामग्रीको निर्माण र उपयोगमा विविधता रहेकाले व्याकरण शिक्षण सिकाइ अझै पनि व्यवस्थित र उद्देश्यमा आधारित देखिँदैन ।

**व्याकरण शिक्षणमा मूल्याङ्कनको उपयोग** *:* भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनलाई महत्त्वपूर्ण सिद्धान्तका रूपमा लिइन्छ । यसबाट सिकाइ उपलब्धिको मापन गर्न सहयोग पुग्छ । स्नातक तहमा व्याकरण शिक्षण गर्दा शिक्षकहरूले गरेको मूल्याङ्कनको प्रयोगलाई तालिका ९ मा देखाइएको छ ।

तालिका ९ : *व्याकरण शिक्षणमा मूल्याङ्कन*

| क्र.सं. | व्याकरण शिक्षणमा मूल्याङ्कन | आवृत्ति | प्रतिशत |
|---|---|---|---|
| १) | कक्षाकार्य, गृहकार्य, त्रैमासिक परीक्षा, अवलोकन | ११ | ११ |
| २) | त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा, मौखिक, लिखित, प्रश्नोत्तर | ९ | ९ |
| ३) | छलफल, प्रश्नोत्तर, निरन्तर मूल्याङ्कन | २० | २० |
| ४) | निरन्तर मूल्याङ्कनका साथै माथिका सबै माध्यमबाट | ६० | ६० |

(स्रोत : शिक्षककहरूबाट प्राप्त सूचना, २०७७)

तालिका ९ मा दिइएअनुसार स्नातक तहको नेपाली व्याकरण पढाउने ११ जना अर्थात् एक चौथाइभन्दा कम (११%) शिक्षकले मूल्याङ्कन कार्यका लागि कक्षाकार्य, गृहकार्य, त्रैमासिक परीक्षा र अवलोकन कार्यलाई प्राथमिकतामा राखेको बताएका छन् । यसैगरी ९ जना अर्थात् एक चौथाइभन्दा कम (९%) शिक्षकले मूल्याङ्कनमा त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा, मौखिक, लिखित परीक्षा र प्रश्नोत्तरलाई महत्त्व दिएका छन् । यसैगरी छलफल, प्रश्नोत्तर र निरन्तर मूल्याङ्कनलाई महत्त्व दिनेमा २० जना अर्थात् एक चौथाइ नजिक (२०%) छन् भने ६० जना अर्थात् आधा सङ्ख्याभन्दा बढी (६०%) शिक्षकले मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कनका साथै लिखित मौखिक परीक्षा, कक्षाकार्य, त्रैमासिक र एकाइ परीक्षालाई पनि उपयोगमा ल्याउन सकिने धारणा राखेका छन् । यसबाट स्नातक तहको नेपाली व्याकरण शिक्षणमा निरन्तर मूल्याङ्कनका साथै मूल्याङ्कनका अन्य उपायलाई पनि प्रयोग गरिने भएकाले यस तहको नेपाली व्याकरण शिक्षण उद्देश्योन्मुख रहेको देखिन्छ ।

## नतिजा र छलफल

चयनीय शिक्षकका व्याकरण शिक्षण सम्बद्ध प्रतिक्रियाअनुसार स्नातक तहको वर्तमान पाठ्यक्रमको स्वरूप रचनामुखी रहेको छ भन्नेमा तीन चौथाइ (७३५) शिक्षकले मत जाहेर गरेका हुनाले उनीहरूले निर्धारित पाठ्यक्रमलाई रचनामुखी दृष्टिकोणबाट हेरेको देखियो । यसैगरी व्याकरण सिकाउने तरिकासम्बन्धी व्यक्त धारणाअनुसार आधाभन्दा बढी (६०%) शिक्षकले पाठ र सन्दर्भमा आधारित भएर व्याकरण सिकाउनुपर्छ भन्ने मत राखेकाले उक्त तहको शिक्षण पाठ र सन्दर्भ केन्द्रित रहेको पाइयो । गौतम, भण्डारी र ओझा (२०६९) ले पनि स्नातक तहको व्याकरणलाई सम्प्रेषणात्मक किसिमले सिकाउनुपर्ने धारणा राखेका (पृ. २) र प्रश्नावली भर्ने शिक्षकमध्ये तीन चौथाइ (७५%)

शिक्षकले स्नातक तहमा अक्षरसंरचना शिक्षणमा अनुच्छेदलाई आधार बनाई रेखाङ्कित शब्द दिई मानक उच्चारणका आधारमा अक्षरसंरचना शिक्षण गर्ने गरेको विचार आएको हुनाले उक्त तहको व्याकरण शिक्षण पाठ र सन्दर्भ उन्मुख रहेको देखियो । अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६ पृ. १५३) र स्नातक नेपाली पाठ्यक्रम (२०६९) ले पनि यही मान्यता प्रस्ताव गरेका छन् । यसैगरी शब्दवर्ग शिक्षण प्रक्रियाका सम्बन्धमा तीन चौथाइभन्दा बढी (८०%) शिक्षकको धारणा रचना वा अनुच्छेदलाई आधार बनाई शब्दको प्रयोग, परिवेश र कार्य पहिल्याउन लगाउने गरेको कुरालाई आधार मान्दा (रिचर्डस र रोजर्स, सन् २००७, पृ. २०४) भाषातत्त्व शिक्षण प्रसङ्ग र पाठमा आधारित भएर गराउनुपर्ने तथ्य पुष्टि भएको देखियो । यस्तै शब्दस्रोत शिक्षणमा अनुच्छेद र प्रसङ्गबाट शब्दको प्रकृति हेरी शब्दस्रोत पहिचान गराउनेमा आधाभन्दा बढी (६०%) शिक्षकको मत स्नातक तहको नेपाली शिक्षण निर्देशिका (२०६६, पृ. १५३-१५४) तथा स्नातक नेपाली पाठ्यक्रम (सुवेदी, पौड्याल र तिवारी, २०७४, पृ. १५) ले प्रस्ताव गरेको कुरासँग मेल खाएको पाइयो । यस्तै शब्दनिर्माण प्रक्रिया, वाक्यतत्त्वपरक रचना शिक्षण, वाक्यतत्त्वपरक अभिव्यक्ति शिक्षण, वाक्यान्तरण शिक्षण, वाक्यसंश्लेषण शिक्षण, शिक्षण विधिको उपयोगलगायत शिक्षण प्रक्रियामा पनि आधाभन्दा बढी (६०%) शिक्षकले पाठ र सन्दर्भको उपयोग गरेको सन्दर्भलाई थर्नवरी (सन् २००२), मुर्किया र हिलेज (सन् १९९८), फ्रिमेन र एन्डर्सन (सन् २०११) तथा वस्ती (२०७४) को व्याकरण शिक्षणलाई पाठ र सन्दर्भ केन्द्रित बनाउने भन्ने धारणासँग मेल खान पुगेको देखियो ।

माथिका तथ्यहरूलाई आधार मान्दा पाठ्यक्रमले निर्दिष्ट गरेका भाषातत्त्वअन्तर्गतका विविध पक्षको प्रयोजन र प्रयोग विधिअनुसार व्याकरण शिक्षणमा पर्याप्त मात्रामा प्रस्तुतीकरण, अभ्यास र उत्पादनमा ध्यान दिएको पाइएन । व्याकरण शिक्षणका क्रममा कक्षाकार्य, गृहकार्य, समूह कार्य, सामग्रीको आवश्यक प्रयोग, योजनाबद्ध शिक्षण र निरन्तर मूल्याङ्कनजस्ता शिक्षण प्रक्रिया वा गतिविधिहरू व्याकरण शिक्षणका क्रममा पूर्णत: कार्यान्वयनमा आउन सकेको देखिएन । परम्परागत व्याख्यान, छलफल, प्रश्नोत्तर, नियम, उदाहरण, परिभाषाजस्ता शिक्षण विधि र कार्यकलापको प्रयोगले स्नातक तहमा व्याकरण शिक्षण अपेक्षाकृत उद्देश्यमूलक, प्रभावकारी र स्तरीय बन्न सकेको पाइएन । आगामी दिनमा भाषा शिक्षणलाई साना कक्षादेखि माथिल्ला कक्षासम्म नै रचना र पाठमा केन्द्रित अन्तरक्रियात्मक बनाउन आवश्यक देखिन्छ । स्नातक तहमा नेपाली व्याकरण शिक्षण प्रक्रियाको अध्ययन गर्दा यो परम्पराकेन्द्रित नियम, उदाहरण र परिभाषामा आधारित रहेको देखियो । विद्यार्थीका रचनालाई आधार बनाउने, अनुच्छेद वा पाठलाई

आधार बनाउने, भाषा र व्याकरणलाई एकीकृत रूपमा सिकाउने, भाषाकेन्द्री, विद्यार्थीमैत्री शिक्षण पूर्णरूपमा हुन सकेको देखिएन । प्रस्तुतीकरण, अभ्यास र उत्पादनजस्ता शिक्षणका एकीकृत रूपलाई पनि पूर्णरूपमा उपयोग गर्न सकिएको पाइएन । समग्रमा स्नातक तहको व्याकरण शिक्षण परम्परागत नियम, परिभाषा र उदाहरणमा केन्द्रित देखिन्छ । अन्तरक्रियात्मक, छलफल र पृष्ठपोषणजन्य पक्षहरू यस तहको व्याकरण शिक्षणमा कम पाइन्छ । स्नातक अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) र स्नातक तहको नेपाली पाठ्यक्रम (२०६९) को मर्मअनुसार शिक्षण सिकाइ कार्य पूर्णरूपमा सफल हुन सकेको छैन । व्याकरणका हरेक पाठ्यवस्तुको शिक्षणमा आधाभन्दा बढी शिक्षकले पाठ र सन्दर्भलाई उपयोग गर्ने गरेको बताए पनि यस तहको व्याकरण शिक्षणलाई थप पाठ र सन्दर्भकेन्द्रित बनाउनुपर्ने देखिन्छ ।

## निष्कर्ष र शैक्षणिक उपादेयता

रचना, पाठ वा गद्यांशका आधारमा व्याकरण शिक्षण गर्ने नवीनतम पद्धति/विधिका रूपमा रचनामुखी व्याकरण शिक्षणलाई लिइन्छ । यसका लागि प्रस्तुत अध्ययनमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक (शिक्षाशास्त्र) तहको व्याकरण पाठ्यक्रमका पाठ्यवस्तु/पक्ष (अक्षरसंरचना, वर्णविन्यास, शब्दस्रोत, वाक्यतत्त्वपरक रचना, वाक्यतत्त्वरक अभिव्यक्ति, वाक्यान्तरण, वाक्यसंश्लेषण) र पाठ्यक्रमका तत्त्व (उद्देश्य, सामग्री, विधि, मूल्याङ्कन) का आधारमा रचना/पाठमा केन्द्रित भई रचनामुखी व्याकरण शिक्षण प्रक्रियाको अवस्था खोजी गरिएको छ । प्रश्नावलीबाट प्राप्त तथ्य तथा स्नातक तहको नेपाली पाठ्यक्रम (२०६९) र अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) का आधारमा स्नातक नेपाली व्याकरण शिक्षणलाई रचनामुखी बनाउने भनिए पनि सोअनुकूल पूर्णत: सफल हुन सकेको देखिँदैन । भाषातत्त्वका हरेक पक्षको शिक्षणमा पाठ/रचनालाई पूर्णत: आधार बनाइएको पाइँदैन । भाषातत्त्वअनुकूल सन्दर्भमूलक पाठ/रचना तयार गर्न लगाउने, उक्त रचनाभित्र भाषातत्त्वका खास पक्ष पहिचान गर्न लगाउने, विद्यार्थीद्वारा रचित रचना कक्षामा सुनाउन लगाउने, उक्त रचनामा आधारित भई प्रशस्त छलफल, अन्तरक्रिया गर्ने, शिक्षकले विद्यार्थीका रचना हेरी सुधारका लागि अभ्यास गराउने, सुधारिएका रचना कक्षामा सुनाउन लगाउने, शिक्षकले उक्त कार्य हेरी टिप्पणी र पृष्ठपोषण दिनेजस्ता रचनामुखी शिक्षण कार्यकलाप उक्त तहमा सफल र पूर्णरूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । भाषा र व्याकरणलाई एकीकृत रूपमा सिकाउने कार्य प्रभावकारी हुन सकेको देखिँदैन । व्याकरण शिक्षण परम्परागत नियम, परिभाषा र

वर्गीकरणमुखी (सैद्धान्तिक) हुने गरेको देखिन्छ। व्याकरण शिक्षणलाई पूर्णरूपमा रचनामा केन्द्रित, व्यावहारिक र सिर्जनात्मक बनाइएको पाइँदैन। माथिल्ला तहमा व्याकरण शिक्षणलाई पनि तल्लो तहमा झैँ सैद्धान्तिकभन्दा रचनामुखी/व्यावहारिक बनाउनुपर्छ भन्ने भाषा शिक्षणको मान्यता यस तहमा पूर्णरूपमा चरितार्थ भएको देखिँदैन ।

प्रस्तुत अनुसन्धानले पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, नीतिनिर्माण तथा शिक्षण सिकाइका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने देखिन्छ । यस अनुसन्धानको प्रत्यक्ष सम्बन्ध शिक्षण सिकाइसँग रहेको छ । व्याकरण शिक्षणलाई नियम र परिभाषाकेन्द्रित विधिबाट मुक्त गरी पाठ र सन्दर्भमा आधारित बनाउने उपायको खोजी यस अनुसन्धानको प्राप्ति हो । यसबाट सम्बन्धित विषय शिक्षकलाई स्नातक तहको नेपाली व्याकरण शिक्षणलाई पाठ्यक्रमको उद्देश्य अनुकूल व्यावहारिक, रचनामुखी र विद्यार्थीकेन्द्रित बनाउन सहयोग पुग्ने देखिन्छ । त्यस्तै व्याकरण शिक्षणलाई परम्परागत रूढ, यान्त्रिक, जटिल, कृत्रिम, निरपेक्ष र नीरस हुनबाट रोकी सरल, जीवन्त, सन्दर्भपरक, रुचिपूर्ण र सिर्जनात्मक बनाउन सहयोग पुग्ने अपेक्षा गरिन्छ । यस अध्ययनले सम्बद्ध विषय समिति पाठ्यक्रमविद आदिलाई स्नातक तहमा व्याकरण शिक्षण कार्य प्रभावकारी भए नभएको जानकारी लिई आवश्यक रणनीति बनाउन सहयोग मिल्ने देखिन्छ । यसबाट सम्बन्धित पाठकलाई व्याकरण सिकाइमा देखिएका समस्या बोध हुन्छ र सफल सिकाइका लागि आवश्यक मार्गदर्शन प्राप्त हुने अपेक्षा गरिएको छ । अत: यस अनुसन्धानबाट रचनामुखी व्याकरण शिक्षण नै सफल सिकाइको आधार हो भन्ने तथ्य पुष्टि हुन्छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्ग राज (२०७०।७१), भाषा शिक्षणका लागि रचनामुखी व्याकरणको खोजी, *शिक्षाशास्त्र सौरभ,* संयुक्ताङ्क (१७।१८), पृ. १-६ ।

कोक्रन, डब्लु. जि. (सन् १९९७), *स्याम्प्लिङ टेक्निक,* तेस्रो संस्करण, जोहन विली एन्ड सन्स ।

क्यामेरोन, एल्. (सन् २००१), *टिचिङ ल्याङ्वेज टु यङ लर्नर्स,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

गौतम, देवीप्रसाद, भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०६९), *स्नातक नेपाली,* पिनाकल पब्लिकेसन ।

थर्नबरी, एस्. (सन् २००२), *हाउ टु टिच ग्रामर,* चौथो संस्करण, पर्सन एजुकेसन लिमिटेड, एडिनवर्ग गेट, हार्लो ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *अनिवार्य नेपाली शिक्षण निर्देशिका,* नेपाल सरकार ।

पौडेल, माधव प्रसाद (२०७०/७१), व्याकरण शिक्षण : चुनौती र सम्भावना, *शिक्षाशास्त्र सौरभ,* संयुक्ताङ्क ( १७/१८), पृ. ७-१० ।

फ्रिमेन, डि. एल्. एन्ड एन्डर्सन, एम्. (सन् २०११), *टेक्निक्स एन्ड प्रिन्सिपल इन ल्याङ्वेज टिचिङ,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

भिगोत्स्की, एल्.एस्. (सन् १९७८), *माइन्ड एन्ड सोसाइटी,* हार्डवर्ड युनिभर्सिटी प्रेस ।

मुर्किया, एम्. एन्ड हिलेज एस्. (सन् १९९८), *टेक्निक्स एन्ड रिसोर्सेस इन टिचिङ ग्रामर,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

रिचर्डस, जे.सी. एन्ड रोजर्स टि.एस्. (सन् २००७), *एप्रोजेज एन्ड मेथड्स इन ल्याङ्वेज टिचिङ* (पुनर्मुद्रण), क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वस्ती, शरच्चन्द्र (२०७४ असोज २), यसरी हुन्छ व्याकरण कक्षा रमाइलो, कसरी सिकाउने व्याकरण ? सन्दर्भसँग जोडेर Shikshakmasik.com/3343/esewa.com.np ।

सुवेदी, केशव, पौड्याल, शालिकराम र तिवारी, प्रेमप्रसाद (२०७४), *अनिवार्य नेपाली,* अस्मिता बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

## परिशिष्ट

## स्नातक तहको नेपाली भाषा कक्षामा रचनामुखी व्याकरण शिक्षणको उपयोग

### (शिक्षकका लागि नमुना प्रश्नावली)

**विषय शिक्षकको नाम** :

**क्याम्पस/शिक्षण संस्थाको नाम** :

सही उत्तरमा ठिक चिन्ह (√) लगाउनुहुन अनुरोध छ ।

१. स्नातक अनिवार्य नेपाली विषयको पाठ्यक्रमलाई कुन स्वरूपको मान्न सकिन्छ ?

क) संरचनात्मक ख) रचनामुखी (सम्प्रेषणात्मक)

ग) प्रयोगात्मक घ) विशेष

२. यस तहमा व्याकरणलाई कसरी सिकाउनु उपयुक्त हुन्छ ?

क) रचनामुखी (सम्प्रेषणात्मक) ढङ्गबाट,

ख) निगमन, आगमन र पाठ्यपुस्तका माध्यमबाट,

ग) नियम, प्रयोग र अभ्यासका माध्यमबाट,

घ) सैद्धान्तिक किसिमबाट

३. यस तहमा अक्षरसंरचनालाई कुन रूपमा शिक्षण गर्न उपयुक्त हुन्छ ?

क) अनुच्छेद दिई त्यसमा प्रयुक्त शब्दको परिभाषा र उदाहरणबाट अक्षर पहिचानको यथेष्ट अभ्यास गराउने,

ख) अनुच्छेदमा रेखाङ्कित शब्द दिई मानक उच्चारण र प्रश्नोत्तरबाट अक्षर पहिचानको अभ्यास गराउने,

ग) अनुच्छेदमा प्रयुक्त वाक्यको व्याख्या, छलफल र प्रश्नोत्तरबाट अक्षर पहिचानको अभ्यास गराउने,

घ) नियम, उदाहरण र परिभाषाबाट अक्षरसंरचनाको अभ्यास गराउने,

४. यस तहमा वर्णविन्यास कुन रूपमा शिक्षण गर्न उपयुक्त हुन्छ ?

क) नियम कण्ठ गर्न लगाई सोअनुकूल अभ्यास गराउने,

ख) सचेत भएर पढ्ने र सोअनुकूल लेख्ने बानी बसाल्ने,

ग) वर्णविन्यास मिलाई ससाना अनुच्छेदमा केही लेख्न र वर्णन गर्न लगाउने,

घ) शब्दकोशको प्रयोग गर्ने बानीको विकास गराउने,

५. यस कक्षामा शब्दवर्ग शिक्षण कसरी गर्नुहुन्छ ?

क) रचना वा अनुच्छेदबाट शब्दवर्गको परिभाषा, प्रकार र तिनको उदाहरण दिने,

ख) रचना वा अनुच्छेदबाट शब्दको प्रयोग परिवेश र कार्य पहिल्याउन लगाउने,

ग) शब्दवर्गसम्बन्धी कक्षामा व्याख्या छलफल र प्रश्नोत्तर गराउने,

घ) कोशीय र व्याकरणिक अर्थका आधारमा शब्दवर्ग छुट्याउन लगाउने,

६. शब्दस्रोत शिक्षणको तरिका कुन अपनाउनु भएको छ ?

क) शब्दकोशको प्रयोगमा ध्यान दिन लगाउने,

ख) अनुच्छेदबाट शब्दस्रोतको परिचय र प्रकारबारे जानकारी दिने,

ग) अनुच्छेदबाट शब्दको वर्गीकरण गरी अभ्यास गराउने,

घ) अनुच्छेदबाट शब्दको प्रकृति हेरी शब्दस्रोत पहिचान गराउने,

७. यस तहमा शब्दनिर्माण प्रक्रियाको शिक्षण तरिका कुन हो ?

क) सर्ग, समास, द्वित्व र सन्धिको परिचय, प्रकार र उदाहरणद्वारा छलफल गराउने,

ख) अनुच्छेदमा प्रयोग भएका शब्दको निर्माण प्रक्रियाबारे छलफल गराई पृष्ठपोषण दिने,

ग) नियम, प्रयोग, अभ्यास र अपवादबाट आवश्यक छलफल गराउने,

घ) सूचीकृत सर्गबाट अधिकाधिक शब्द बनाउन उत्प्रेरित गर्ने,

८. वाक्यतत्त्वपरक रचनाको शिक्षण मूलतः कसरी गर्नुहुन्छ ?

क) व्याकरणिक कोटिको आधारमा प्रसङ्गमूलक वाक्य/अनुच्छेद रचना गरी प्रस्तुतीकरण र छलफल गराउने,

ख) व्याकरणिक कोटिका परिचय, प्रकार र उदाहरण दिई कक्षामा आवश्यक छलफल र प्रस्तुतीकरण गराउने,

ग) दिइएको अनुच्छेद/वाक्यबाट व्याकरणिक कोटिको पहिचान गर्न लगाई आवश्यक छलफल र टिप्पणी गरिदिने,

घ) वर्णनात्मक, आख्यानात्मक र सम्वादात्मक अभिव्यक्तिका ससाना अनुच्छेद रचना गर्न लगाई आवश्यक सुझाव दिने,

९. वाक्यतत्त्वपरक रचनामा मूलतः कस्ता अभिव्यक्तितर्फ विद्यार्थीलाई अभिमुख गराउनु उपयुक्त हुन्छ ?

क) वर्णनात्मक, समस्यामूलक र अभिनयात्मक,

ख) सामान्य, विशिष्ट र आख्यानात्मक,

ग) वर्णनात्मक, आख्यानात्मक र संवादात्मक,

घ) आलङ्कारिक, विशिष्ट र भावात्मक,

१०. वाक्यान्तरण शिक्षणको तरिका कुनलाई बढी उपयुक्त मान्नुहुन्छ ?

क) व्याकरणात्मक कोटिका आधारमा बनेका अनुच्छेदलाई विभिन्न वाक्यढाँचामा परिवर्तन गर्न लगाएर,

ख) एकप्रकारको वाक्यढाँचालाई कोष्ठकमा दिइएको निर्देशनका आधारमा परिवर्तन गर्न लगाई टिप्पणी गरिदिएर,

ग) व्याकरणिक कोटिको परिचय, परिभाषा र उदाहरण दिई सोहीअनुसार वाक्यपरिवर्तन गर्न लगाई छलफल गराएर,

घ) वाक्यान्तरणको परिचय र उदाहरण दिई त्यसको व्याख्या गरिदिएर,

११. वाक्यसंश्लेषणमा मुख्यतः कुन तरिका अपनाउनु भएको छ ?

क) यसलाई वाक्यतत्त्वपरक रचनासँग सम्बन्धित गराएर नियम, प्रयोग र अभ्यासका माध्यमले एउटै वाक्यमा संश्लेषण गर्न लगाउने,

ख) बोधरचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर एउटै वाक्यमा संश्लेषण गर्न लगाउने,

ग) शब्दनिर्माण प्रक्रियासँग जोडेर नियमका माध्यमबाट प्रयोग अभ्यासतर्फ केन्द्रित गराई वाक्यसंश्लेषण गर्न लगाउने,

घ) सरल वाक्यलाई विभिन्न संयोजक र असमापक क्रियाको ठिकसँग प्रयोग गरी जटिल वाक्य बनाउन अभ्यास गराउने,

१२. यस तहमा प्रयोग गर्नु भएका व्याकरण शिक्षणका मुख्य मुख्य शिक्षण विधि कुन-कुन हुन् ? प्राथमिकताका क्रममा लेख्नुहोस् ।

( ) व्याख्या, छलफल, प्रश्नोत्तर, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य,

( ) छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण, कक्षाकार्य, गृहकार्य, समूहकार्य, परियोजना कार्य

( ) छलफल, प्रस्तुतीकरण, समूहकार्य, परियोजनाकार्य, प्रश्नोत्तर,

( ) गीत, सङ्गीत, खेललगायतका सहकार्यकलाप,

१३. शैक्षणिक योजनाअन्तर्गत व्याकरण शिक्षणमा कुन योजनालाई महत्त्व दिनुहुन्छ ? कृपया प्राथमिकताका क्रममा लेख्नुहोस् ।

( ) दैनिक पाठयोजना    ( ) एकाइ योजना

( ) वार्षिक शैक्षणिक योजना    ( ) त्रैमासिक योजना

१४. व्याकरण शिक्षणमा केकस्ता शिक्षण सामग्री/अनुपूरक सामग्रीको प्रयोग गर्नुभएको छ ? कृपया प्राथमिकताका क्रममा लेख्नुहोस् ।

( ) शिक्षण निर्देशिका, पाठपत्र, तालिका, पत्रपत्रिका,

( ) आरेख, आलेख, व्याकरण पुस्तक, गीत, संगीत, खेल,

( ) पाठ्यक्रम, शिक्षण निर्देशिका, श्रव्य, दृश्य, पाठ्य,

( ) दैनिक प्रयोगका सामग्री मात्र,

१५. व्याकरण शिक्षणमा मूल्याङ्कन कसरी गर्नुहुन्छ ? कृपया प्राथमिकताका क्रममा लेख्नुहोस् ।

( ) कक्षाकार्य, गृहकार्य, त्रैमासिक परीक्षा, अवलोकन,

( ) त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा, मैखिक/लिखित प्रश्नोत्तर,

( ) छलफल, प्रश्नोत्तर, निरन्तर मूल्याङ्कन,

( ) निरन्तर मूल्याङ्कनका साथै माथिका सबै माध्यमबाट,